
स्वदेशवाद बहुलराष्ट्रवाद सामुदायिक समाजवाद

# राष्ट्रिय मुक्ति पार्टी नेपालको



## चुनावी–घोषणापत्र
## २०८२



## चुनाव चिन्ह
## जाँतो (चकिया)

## “स्वदेशवादीको आहवान जाँतो (चकिया) मा मतदान”

केन्द्रीय प्रचारप्रसार समिति

# राष्ट्रिय मुक्ति पार्टी नेपालको चुनावी घोषणापत्र-२०८२

हाम्रो संकल्पः

"बनाउने नेपाल सबै नेपालीको लागि"

नयाँ नेपाल - साझा नेपाल

**आदरणीय आमाबुवा**, **दाजुभाइ दिदीबहिनीहरू**,

नेपालको राजनीति आज गम्भीर संकटमा छ । विभेद एवं भ्रष्टाचार विरुद्ध संघर्ष गर्दा पुराना परम्परागत दलहरूले धोका दिए । भ्रष्टाचार, नातावाद र असमानताले देशलाई डुबाए । भ्रष्टाचार व्यक्तिको मात्र दोष होइन, यो प्रणालीको रोग हो । हाम्रो संविधान र राज्य संरचनाले नै यसलाई जन्म एवं पोषण दिएको हो । संसारभरि नै असफल सिद्ध भैसकेको साम्यवाद, समाजवाद र पुँजीवादका झुटा प्रपञ्च नै यी सबैका जड कारण हुन् ।

वर्तमान व्यवस्थाले लोकतन्त्र , गणतन्त्र मानवअधिकार र समृद्धिको नाममा केवल एक नक्ष, वर्ग र समूहको सेवा गरिरहेको छ । यसले उत्पीडित, उपेक्षित र बहिष्कृत जनताहरुलाई थप पिडामा धकेल्ने काम गरिरहेको छ । दुःखद सत्य के हो भने - पुराना मात्र होइन, नयाँ भनिएका दलहरू पनि उही असफल नारा र उही असफल संरचनाभित्र अड्किएका छन्, अल्मलिएका छन् र अल्मलाइरहेका छन् । सुशासनको कुरा त गरेका छन् तर सुशासन, स्वशासन र सम्वृद्धिबिनाको खोक्रो नारा मात्र हुन्छ भन्ने सत्यलाई बेवास्ता गरिएको छ ।

राष्ट्रिय मुक्ति पार्टी नेपाल यस्तो संकटको वैकल्पिक समाधानका साथ आएको छ । हामी स्वदेशवादी दर्शनमा आधारित, जिम्मेदार लोकतन्त्र र सामुदायिक समाज निर्माणका लागि प्रतिबद्ध छौं । सबै उत्पीडित समुदायको आवाज रहेको अब परिवर्तनको नयाँ विकल्प चाहिन्छ ।

## प्रस्तावना

नेपालको इतिहासमा पहिलो पटक स्वदेशवादी दर्शनमा आधारित, बहुल राष्ट्रिय लोकतन्त्रको पक्षधर र सबै उत्पीडित समुदायको मुक्तिका लागि प्रतिबद्ध राष्ट्रिय मुक्ति पार्टी नेपाल चुनावी मैदानमा उत्रिएको छ । हामी विश्वास गर्छौं कि नेपालको वास्तविक समृद्धि र शान्ति बहुल पहिचानको सम्मान, स्वशासन, र सामुदायिक समाजको निर्माणबाट मात्र सम्भव छ ।

यो घोषणापत्र केवल चुनावी प्रतिश्रुति होइन-यो नेपाल र नेपाली जनताको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक मुक्तिको दस्तावेज हो ।

## **१. ऐतिहासिक निष्कर्ष (**Core Diagnosis)

नेपाल वास्तवमा बहुल-राष्ट्रिय समाज हो, तर राज्य भने जबर्जस्ती एकल–राष्ट्रिय औपनिवेशिक संरचनामा चलेको छ। नेपालको संविधान २०७२ ले जनसार्वभौमिकता स्थापना गरेन । पहिचान, आत्मनिर्णय र स्वशासन दबायो। उदारवाद र मार्क्सवाद दुवै नेपालजस्तो सभ्यतागत समाजका लागि असफल भए। उत्पीडित समुदायका मुद्दा प्रयोग गरेर सत्तामै सिमित भए । निष्कर्षतः नेपालको संकट राजनीतिक मात्र होइन, सभ्यतागत, सांस्कृतिक र संरचनागत हो । यसको समाधान राष्ट्रिय मुक्ति क्रान्ति मार्फत मात्रै सम्भव छ ।

वर्तमान समयमा नेपाल राज्य विफलताको मुख्य कारण अनिश्चितता र भ्रमको स्थिति हो । यसको जड़मा राज्य संचालनमा तीन तत्वको गहिरो प्रभाव विद्यमान रहेको देखिन्छ । पहिलो तत्व उच्छेदवादी विषयवस्तु

(Nihilistic Themes) हुन जसले हाम्रो ज्ञान शास्त्रीय विफलता (Epistemological Failures) र मूल्यको विनाश (Value Destruction) गरायो तथा ब्रम्हाण्डीय उदेश्यहिनता(Cosmic purposelesses) मा गएर हामीलाई फसाइयो। दोस्रो तत्व भनेको उपरोक्त कारणहरुले गर्दा शक्तिको उदण्डता (Power Arrogance) भयो तथा तेस्रो तत्वको रुपमा यी सबैको प्रवर्धनको निम्ति खडा गरिएको औपनिवेशीक शक्ति व्युह (colonial Power Matrix) हो । यही समस्याहरुको समाधान गरि "नेपाल सारा नेपालीको लागि बनाउने" रणनीतिक लक्ष्यका साथ अगाडी बढेका छौं। प्राचिनतम ज्ञानप्रणालीको जननीको रूपमा नेपाललाई चिनाउदै स्वाभीमानी र स्वाबलम्बी नेपालीको परिचय स्थापित गराउनु नै आजको मुख्य कार्यभार हो । २०८२ फागुन २१ गते हुने प्रतिनिधि सभाको चुनावलाई कार्यनीतिक रूपमा सदुपयोग गर्न सहभागी भएका छौं, सम्पूर्ण क्रान्ति ल्याउन राष्ट्रिय मुक्ति क्रान्तिको कार्यदिशा उपयुक्त रहेको भन्नेमा प्रतिबद्ध छौं ।

**२. क्रान्तिको दर्शन: स्वदेशवादी मार्ग**

हाम्रो संघर्षको मूल दर्शन (Philosophical Line) नै स्वदेशवाद हो । स्वदेशवाद बहुल सत्य, बहुल सत्ता, बहुल ज्ञानमा आधारित हुन्छ । स्वदेशवाद आदिवासी ज्ञान + पूर्वीय दर्शन + आधुनिक विज्ञानको समन्वयबाट प्रमाणित हुन्छ जसले भन्छ; मानव प्रकृतिको मालिक होइन, प्रकृतिको हिस्सा हो । प्रकृति र समुदायसँगको सामंजस्यबाट समाज एवं राज्य संचालन हुनुपर्ने यो दर्शनको अवधारणा हो । स्वदेशवादको लक्ष्य नै औपनिवेशिक राज्य एवं यसखालको मानसिकताबाट मुक्ति तथा सभ्यतागत जिम्मेदार लोकतन्त्रको पुनर्स्थापना गर्नु हो ।

स्वदेशवादको दर्शनमा आधारित नयाँ नेपाल निर्माण गर्ने, जनताको सार्वभौमिकता र सामुदायिक समृद्धिको आधारमा नयाँ राज्य संरचना निर्माण गर्ने सबै ऐतिहासिक आन्दोलनहरूको एकीकरण गर्दै राष्ट्रिय मुक्ति क्रान्ति सम्पन्न गर्ने हो । राष्ट्रिय मुक्ति क्रान्तिको लक्ष्यलाई संवैधानिक र जनआन्दोलनद्वारा अगाडि बढाउने हो । त्यसको एउटा थलोको रुपमा प्रतिनिधि सभालाइ लिएका छौँ ।

"बहुल राष्ट्रको एकता, स्वदेशी सभ्यताको पुनर्जागरण, र सामुदायिक समृद्धिको लागि राष्ट्रिय मुक्ति क्रान्ति।"

हरेक प्रकारको औपनिवेशिकता तथा औपनिवेशिक सोचबाट मुक्तिको निम्ति पूर्वीय दर्शनमा आधारित शासन प्रणाली निर्माण गर्नु आवश्यक छ ।

**३. राष्ट्रिय पुनर्निर्माण: राज्य र समाजको वैकल्पिक मोडेल (संविधान पुनर्लेखन/पूर्ण संशोधन)**

(क) राज्य : बहुलराष्ट्रिय लोकतन्त्र र स्वशासन

- संविधानको पूर्ण संशोधन गरी बहुलराष्ट्रिय लोकतन्त्र स्थापना गर्ने, जहाँ सबै राष्ट्र/समुदायलाई आत्मनिर्णय, स्वायत्तता एवं समानुपातिक प्रतिनिधित्वको ग्यारेन्टी हुनेछ ।
- सबै आदिवासी, जनजाति, मधेशी, पिछडा वर्ग, दलित, पिछडिएका क्षेत्रलाई स्वशासन र आत्मनिर्णयको अधिकार प्रदान गर्ने । प्रत्येक सांस्कृतिक राष्ट्रको पहिचान, भाषा, धर्म र परम्परालाई संवैधानिक संरक्षण दिने ।
- एकल राष्ट्रवादको अन्त्य तथा साझा राज्य, साझा सत्ताको स्थापना गर्ने ।
- केवल सत्ता परिवर्तन होइन, चेतना परिवर्तनको दृष्टि ।

(ख) समाज : सामुदायिक समाज

- व्यक्ति होइन, समुदाय केन्द्रमा रहेर आत्मनिर्भर र समतामूलक समाज निर्माण गर्ने । परिवार र समुदायलाई समाजको आधार मान्ने नीति लागु गरिने ।

- सामूहिक स्रोत + व्यक्तिगत श्रमको सम्मान गरिने ।
- जैविक कृषि, स्थानीय उत्पादन, आत्मनिर्भर अर्थतन्त्र निर्माण गरिने ।
- प्रकृति र संस्कृतिलाई "पूज्य" मान्ने दृष्टि स्थापित गर्ने ।

(ग) स्वराज नीतिः

- तिन तहमा स्वराजको नीति लागु गरिने छ; ग्रामस्वराज → गणराज्य → बहुल-राष्ट्र राज्य । ग्राम स्वराजले स्थानीय समुदायको स्वशासनको ग्यारेन्टी गर्ने छ, गणराज्यले सांस्कृतिक संघियता वा क्षेत्रीय/जातीय स्वायत्तताको ग्यारेन्टी गर्नेछ, बहुल राष्ट्र राज्यले साझा राष्ट्रीय ढाँचा निर्माण गर्ने छ ।
- परम्परागत वैज्ञानिक प्रथाहरुले सामाजिक, साँस्कृतिक र आर्थिक गतिविधिहरु व्यवस्थित हुँदै आएकोले परम्परागत स्वशासन (परम्परागत प्रथा) को पुनर्जीवन गर्ने र सामुदायिक संस्थाहरूलाई कानुनी मान्यता दिने तथा ग्राम गणतन्त्रको अभ्यास गरिने छ ।

(घ) मुक्तिसम्बन्धी नीतिः

- तीन तहको मुक्तिको निम्ति क्रान्ति गरिने छ जसको कारण भौतिक आवश्यकताबाट मुक्तिको योजना, मानसिक सन्तुष्टिको प्राप्तिको योजना र आध्यात्मिक मुक्तिको प्राप्ति रहने छ ।

**४. राष्ट्रवादको पुनर्संरचनाः**

हाम्रो गौरवमय इतिहास र सांस्कृतिक पहिचानलाई बेवास्ता गरी विकासको झूठा मोडेल थोपिएको छ । आज पश्चिमी ज्ञानसत्ताले हामीलाई आफ्नै माटो, संस्कृति र सभ्यताबाट टाढा बनाएको छ । अब हामीले हाम्रो मातृभूमिसँग टुट्न लागेको सम्बन्ध पूर्वीय सभ्यतामा आधारित हाम्रो गौरवमय इतिहाससँग संबैधानिक एवं संरचनात्मक ढंगले पुनः जोड्नु पर्ने छ । यो संगै स्व-संस्कृति प्रति लगाव बढन गई 'सांस्कृतिक राष्ट्रवादको जन्म हुनेछ ।

**५. आर्थिक न्यायः सामुदायिक अर्थतन्त्र र आत्मनिर्भरता**

- सामुदायिक भूमि र स्रोत स्वामित्व लागू गरी आर्थिक विषमता घटाउने ।
- सहकारी मोडलमा आधारित उत्पादन र वितरण प्रणाली लागु गर्ने तथा कृषि, साना उद्योग, र पर्यटनलाई प्राथमिकता दिँदै स्थानीय आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने ।
- न्यूनतम पारिश्रमिक र सामाजिक सुरक्षाको ग्यारेन्टी गरिने ।
- सम्पत्तिमा महिलाको समान अधिकार तथा श्रमिक अधिकारको संरक्षण गरिने ।
- जलविद्युत् आयोजनामा स्थानीय समुदायको अनिवार्य सहभागिता र लाभांश वितरणको व्यवस्था साथै खानी तथा वन स्रोतमा समुदायको पहिलो हक सुनिश्चित गरिने ।
- विदेशी लगानीलाई नियमन गरी राष्ट्रिय स्वार्थ र पर्यावरण संरक्षण सुनिश्चित गरिने ।
- उखु किसानहरुको वक्यौता भुक्तानीमा पहलकदमी लिने तथा सहकारी पिडित, लघुवित्त पिडित, मिटरब्याज पीडित लगायतको समस्या समाधान गरिने ।

**६. सामाजिक समावेशीः विभेदको अन्त्य, हक र न्याय**

(क) विभेदको अन्त्यको नीति

- जातीय विभेद र छुवाछुतको पूर्ण अन्त्य गरिने तथा लैंगिक, धार्मिक र क्षेत्रीय विभेदको अन्त्य गर्ने नीति एवं योजना बनाइने ।
- जातिय श्रेणी विहीन समाजको निर्माण गरिने छ ।
- दलित उत्पीडनको अन्त्य गरिने तथा भेदभाव गर्नेलाई कडा कारबाही तथा दलित समुदायको सशक्तिकरण र समान अवसरको ग्यारेन्टी गरिने ।
- मुस्लिम समुदायको सशक्तिकरणको नीति बनाइनुको साथै दलित, पिछडा वर्ग, आदिवासी, महिला, युवा, अल्पसंख्यक र विकलांगहरूको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरिने ।
- राज्यको हरेक निकाय र अंगमा जनसंख्याको अनुपातमा समानुपातिक समावेशीताको सुनिश्चित गरिने ।
- अनागरिकहरुको तथ्यांक संकलन गरिने तथा नागरिकताबाट कसैलाई बंचित नगरिने नीति अवलम्बन गरिने छ, नागरिक नागरिक बीच विभेद कायम हुने खालको नागरिकता सम्बन्धि प्रावधानहरु हटाउने, वैवाहिक अंगिकृतलाई वैवाहिक वंशज सरह मान्यता दिलाउने र भुपु गोर्खा सैनिक तथा एनआरएनको अधिकार कटौती हुन नदिने खालको व्यवस्था गरिने ।
- नेपालमा बोलिने सबै मातृभाषालाई संविधानको अनुसूचीमा सुचिकृत गर्ने र नेपाली, मैथिली लगायत प्रमुख सम्पर्क भाषाहरुमा सरकारी कामकाजको निम्ति बहुभाषिक नीति अवलम्बन गरिने ।

(ख) युवा तथा बालबालिका एवं महिला सशक्तीकरण

- युवाहरूको लागि रोजगारी, शिक्षा र राजनीतिक भागीदारीको अवसर बढाउने तथा युवा उद्यमशीलतालाई विशेष ध्यान दिदै विदेशी रोजगारीको विकल्प स्वदेशमा अवसरको सृजना गरिने ।
- सुरक्षित बाल्यकाल र गुणस्तरीय शिक्षा सहित बालअधिकारको कडा कार्यान्वयन गरिने ।
- महिला हिंसाविरुद्ध शून्य सहनशीलताको नीति तहत लैंगिक हिंसा र भेदभाव विरुद्ध कडा कानून लागू गरिने।
- महिलाको आर्थिक, राजनीतिक र सामाजिक नेतृत्व प्रवर्द्धन गरिने यसको निम्ति सम्पत्ति र संसाधनमा समान अधिकार तथा सबै क्षेत्रमा महिलाको ५० प्रतिशत प्रतिनिधित्व ग्यारेन्टी गरिने ।

(ग) नागरिक आन्दोलन एवं न्याय प्रति प्रतिवद्ध

- काठमाडौं हेटौडा लगायतमा गैरन्यायिक सडक विस्तारको नाममा विस्थापित गराइएका परिवारहरुको पुनर्स्थापनाको निम्ति जारी संघर्ष प्रति ऐक्यबद्ध रहदै बालाजुमा ३९ घरवारविहीन बनाइएका परिवारलाई पुनर्स्थापित गराउन तथा खोलानदी मापदण्ड विरुद्धको संघर्ष प्रति प्रतिवद्ध,
- नो कोशी लगायत विभिन्न प्रदेशहरुको पुनर्नामाङ्कनको निम्ति भैरहेको आन्दोलन प्रती प्रतिवद्ध,
- ढोरपाटन सिकार आरक्ष सम्बन्धि स्थानीय मगर र दलित समुदायको संघर्ष प्रति प्रतिवद्ध,
- मुकुम्लुङमा जारी नो केबलकार आन्दोलन प्रति प्रतिवद्ध,
- बोझेनीमा तामाङ समुदायद्वारा जारी नो सबस्टेशन आन्दोलनप्रति ऐक्यवद्ध,
- स्वर्गद्वारीको गुठी आन्दोलन प्रति ऐक्यबद्ध,
- बाग्लुङको उत्तर गंगा जलसाय युक्त जलविद्युत परियोजना (८२८ मेगावाट) सिघ्र निर्माण गर्न जारी आन्दोलन प्रति ऐक्यबद्ध।

**७. स्वदेशी संस्कृति र ज्ञान प्रणाली:**

- पूर्वीय दर्शन, सभ्यता र सनातन ज्ञानप्रणालीको आधारमा शिक्षा नीति अवलम्बन गर्ने र ज्ञानवर्धक, व्यवसायीक तथा रोजगारीमूलक शिक्षा नीति विकास गरिने ।
- आधारभूत विद्यालय स्तरबाटै विधार्थीहरुलाई योग, ध्यान, व्यायाम र आत्म रक्षा तालिमको व्यवस्था मिलाउने।
- स्वदेशी भाषा, सांस्कृतिक परम्परा, र ज्ञानप्रणालीलाई राज्यसंरक्षण दिने ।
- धर्मनिरपेक्षताले भ्रम पैदा गराएको हुँदा राज्यको धर्मनिरपेक्षता स्वभाव सही अर्थमा लागू गर्न सभ्यतागत सर्वधर्मसापेक्षता सहित सबै धर्मलाई सम्मान गर्ने तथा धार्मिक स्थल र परम्पराको संरक्षण गरिने ।
- प्रकृतिलाई पूज्य मान्ने परम्पराको पुनर्स्थापना गर्नुको साथै प्राकृतिक स्रोत (जल, जंगल, जमीन) को सामुदायिक प्रवर्धन कायम गरिने ।

## ८. शासन, शासकीय स्वरूप र न्याय प्रणालीको सुधार

- राष्ट्रियता/सांस्कृतिक एकता र भौगोलिक पहिचानका आधारमा (राज्य पुनर्संरचना सम्बन्धि उच्चस्तरीय आयोगको १०+१ प्रदेशको खाका एवं सोही प्रतिवेदन अनुसार २४ वटा स्वायत्त क्षेत्र लगायतका समेत) प्रदेश एवं क्षेत्र पुनर्निर्धारण गर्ने तथा स्थानीय स्वशासन लाई शक्तिशाली बनाउँदै केन्द्रीय नियन्त्रण घटाउने ।
- जनताको प्रत्यक्ष अनुभूति हुनेगरी शासकीय स्वरूप निर्धारण गरिने छ, निर्वाचित कार्यकारी प्रमुखहरु समुदायको राजनैतिक इकाईबाट प्रत्यक्ष निर्वाचित हुने व्यवस्था अवलम्बन गरिनेछ ।
- सांस्कृतिक/जातीय/राष्ट्रिय जनसंख्याको आधारमा पूर्ण समानुपातिक निर्वाचन प्रणाली लागू गराइने ।
- सांसदहरुले कानुन निर्माण कार्यलाई बढी ध्यान दिनुपर्ने भएकोले जनप्रतिनिधिहरुलाई विधायिकीको कार्यमा लाग्ने वातावरण सृजना गरिने ।
- विधायिकी कार्य बाहेक प्रदेशसभा सदस्य, प्रतिनिधिसभा सदस्य र राष्ट्रियसभा सदस्यहरुले सम्बन्धित क्षेत्रको समस्याहरु सदनमा उठाउनुपर्ने तथा समाधान गर्नुपर्ने भएको हुँदा सम्बन्धित क्षेत्रमै आवास, सचिवालय र सवारी साधनको व्यवस्था गर्न पहल लिने ।
- परम्परागत न्याय प्रणालीलाई कानुनी मान्यता दिइनेछ तथा न्याय प्रणालीलाई सस्तो, छिटो र सबैको पहुँचयोग्य बनाउने ।
- मुलुकमा तीन तहको न्यायप्रणाली भएपनी केन्द्रीकृत एकात्मक शासन व्यवस्थाको पक्ष पोसक जस्तो देखिन्छ। तसर्थ संघीयताको मर्म अनुरुप जिल्ला अदालतलाई स्थानीय तहको समन्वयमा, उच्च अदालतलाई प्रदेशको समन्वयमा र सर्वोच्च अदालतलाई संघको समन्वयमा पुनर्संरचना गरिनु पर्दछ। छुट्टै संवैधानिक अदालतको गठन गरिनु पर्दछ।
- न्यायपालिकामा टाइम कार्ड सिस्टम लागू गरिनु पर्दछ ताकी मुद्दा दर्ता भएको मितिले सम्बन्धित तहको अदालतले १ वर्ष भित्र फैसला गर्ने व्यवस्था लागू गरिनेछ ।
- राष्ट्रसभामा समान जनसंख्याको आधारमा बढी जनसंख्या भएको प्रदेशबाट बढी प्रतिनिधित्व र कम जनसंख्या भएको प्रदेशबाट कम प्रतिनिधित्वको व्यवस्था गर्न संघर्षरत रहने।
- अवशिष्ट अधिकार, शक्तिशाली अधिकार सम्पन्न जन लोकपाल गठन, छुट्टै संवैधानिक अदालतको गठन, शक्ति सम्पन्न स्वायत्त प्रदेशहरुको पुनर्संरचना लगायतका अन्य महत्वपूर्ण विषयहरु परिमार्जन गर्न समेत पहल लिइनेछ।

## ९. परराष्ट्र नीतिः स्वतन्त्र र सन्तुलित सम्बन्धः

- राष्ट्रिय स्वार्थ र स्वाभिमानको संरक्षणलाई केन्द्रविन्दुमा राख्दै "संलग्नताको परराष्ट्र नीति" अवलम्बन गर्दै भारतसँग विशेष तथा चीन र अन्य देशहरूसँग सन्तुलित सम्बन्ध कायम गरिने ।
- अन्तर्राष्ट्रिय सहकार्यमा सक्रिय सहभागिता जनाउदै विदेशमा रहेका नेपालीको हक र हितको संरक्षण गरिने, सुरक्षित र सम्मानजनक श्रम वातावरण बनाउने, आप्रवासी श्रमिकहरूको हक र सुरक्षा लागू गरिने ।
- सीमा पार साझा सांस्कृतिक र जातीय पहिचान भएका समुदायबीच आर्थिक तथा सांस्कृतिक सहकार्य गरिने तथा नेपाललाई क्षेत्रीय सहयोग र अन्तर्राष्ट्रिय व्यापारको केन्द्र बनाउने ।

## १०. पर्यावरण र जलवायु न्याय तथा विपद् व्यवस्थापन

- प्लाष्टिकमुक्त नेपाल अभियान चलाइने, हरित अर्थतन्त्र लागू गर्दै प्रदूषण र जलवायु परिवर्तनको असर कम गरिने ।
- जैविक विविधताको संरक्षण गर्दै वातावरणमैत्री विकास नीति तथा नवीकरणीय उर्जाको विकासलाई प्राथमिकता दिने ।
- जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण गर्दै आपदा जोखिम न्यूनीकरण र समुदाय आधारित संरक्षण योजना लागू गरिने ।
- विपद् पूर्व तयारी र प्रतिकार्य योजना, विपद्ग्रस्तलाई तत्काल राहत र पुनर्स्थापना तथा भूकम्प प्रतिरोधी एवं प्रकृतिमैत्री पूर्वाधार निर्माण गरिने ।

## ११. शान्ति, सुरक्षा र राष्ट्रिय एकता

- सबै समुदायबीच सहमति र सहकार्यको संस्कृति विकास गर्ने । प्रत्येक समुदायको सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गरिने ।
- अहिंसात्मक संघर्ष र सम्वाद मार्फत समस्याको समाधान गर्ने ।
- राष्ट्रिय एकतालाई बहुलतामा एकताको आधारमा मजबूत बनाउने ।

## १२. आर्थिक रूपान्तरणः

आगामी १० बर्ष भित्र जल, भूगर्भ, सौर्य, वायु तथा योग-ध्यान जस्ता शक्ति स्रोत, युवाको सीप र महिलाको सहभागिता प्रयोग गर्ने नीति निर्माण गरेर १३ गुणा बढीको नयाँ आत्मनिर्भर अर्थतन्त्र निर्माण गरिने छ जसले गर्दा हरेक नेपालीको अहिलेको आम्दानी भन्दा १३ देखि १४ गुणा सम्म बढने छ, बेरोजगारी समस्याको अन्त्य हुनेछ ।अर्थात् नेपालको अहिलेको ४२ बिलियन डलर GDP लाई १० वर्ष भित्र ५०० बिलियन डलर पुर्याईने छ। यसको निम्ति -

- वैदेशिक रोजगारमा रहेका युवाहरुलाई स्वदेश मै फर्काउने र स्थानिय उत्पादनमा केन्द्रीत गराउने रणनीति तय गरिने,
- "एक गाँउ एक शहकारी" निती अन्तर्गत स्थानिय उत्पादनलाई व्यवस्थित गरिने, सहकारी मार्फत लगानी गराउने र बजार व्यवस्थापनमा सहजीकरण गरिने,
- जलविद्युतलाई AI, ब्लकचेन र वित्तीय क्षेत्रको प्रमुख शक्तिको रुपमा उपयोग गर्ने, नेपाललाई दक्षिण एसियाको वित्तीय र डिजिटल नवप्रवर्तन केन्द्रको रुपमा विकास गर्ने, बिटकोईनलाई रिजर्भ सम्पतिको रुपमा स्थापित गरि वित्तीय स्वतन्त्रता तथा सुरक्षा सुनिश्चित गरिने,

- मल्टिनेशनल कम्पनिहरुलाई नेपालमै विशेष सुविधाहरु दिएर गाडी, मोबाइल लगायतको इलेक्ट्रोनिक्स सामग्रीहरु ऐसेम्बलिंग गर्न पहल गरिने,
- "एक ग्राम एक मार्ट" नीति अन्तरर्गत स्थानीय उत्पादनहरुको बजार व्यवस्थापन गर्न पहल लिने,
- उद्योगी व्यवसायीहरूको क्षमता र योगदानको आधारमा वर्गीकरण गरी सुरक्षा र विशेष सुविधा प्रदान गरिने, विशेष गरी १०० जना भन्दा बढी रोजगारी दिने व्यवसायी र कम्पनीहरूलाई कर छुट, कच्चा पदार्थ र विद्युतमा विशेष सहुलियत उपलब्ध गराइने,
- राज्यका विभिन्न अंग र निकायमा कार्यरत राष्ट्रसेवक कर्मचारी तथा उनीहरूको परिवारलाई स्वास्थ्य उपचारमा सुविधा, बालबच्चालाई निःशुल्क शिक्षा र स्वास्थ्य सेवा प्रदान गरिने साथै, प्रत्येक वर्ष तलब वृद्धि, ओभरटाइम भत्ताको उचित व्यवस्था र वृत्ति विकासका अवसर सुनिश्चित गरिने,
- आयातमूखी अर्थतन्त्रलाई निर्यातमूखी अर्थतन्त्रको रुपमा विकास गर्ने योजना बनाइने,
- मातृभाषामा तथा निःशुल्क र गुणस्तरीय शिक्षा, स्वास्थ्य र आवास को व्यवस्था गरिने छ,
- योग, ध्यान एवं तपस्या केन्द्रहरु स्थापित गरिने तथा सांस्कृतिक पर्यटनको विकास गरिने,
- व्यावहारिक र सीपमूलक शिक्षाको साथै स्वदेशी ज्ञान र आधुनिक विज्ञानको समन्वय गरिने,
- परम्परागत उपचार पद्धतिको मान्यता र प्रवर्द्धन गरिने तथा सांस्कृतिक मूल्य र परम्पराको शिक्षा प्रदान गरिने,
- जैविक कृषिको प्रवर्द्धन तथा कृषिमा आधारित उद्योगहरु संचालन गरिने,
- निःशुल्क विद्युतीय सिंचाई, निःशुल्क जैविक मल र बीउ तथा कृषि उत्पादनको उचित मूल्य निर्धारण गरेर कृषिमा क्रान्ति ल्याउने,

**१३. सुशासन र भ्रष्टाचार नियन्त्रण**

(क) पारदर्शिता

- स्वच्छ, पारदर्शी र जवाफदेही शासन प्रणाली लागू गर्ने।
- सबै सरकारी कारोबारमा पूर्ण पारदर्शिता लागु गरिने ।
- जनतालाई जवाफदेही सरकार तथा सूचनाको हकको प्रभावकारी कार्यान्वयन गरिने ।

(ख) भ्रष्टाचार नियन्त्रण

- स्वतन्त्र र सशक्त भ्रष्टाचार नियन्त्रण निकाय(शक्तिशाली जनलोकपाल) खडा गरिने तथा भ्रष्टाचारीलाई कडा कारबाही "कसैलाई छुट छैन" नीति लागु गरिने ।
- सम्पत्तिको हक संरक्षण गर्दै सम्पत्ति विवरण सार्वजनिक गर्ने अनिवार्यताको नीति लागु गरिने ।

(ग) नागरिक सेवा सुधार

- योग्यता र समावेशिताको आधारमा नियुक्ति गर्दै कर्मचारी तन्त्रमा समानुपातिक प्रतिनिधित्वको ग्यारेन्टी गरिने।
- सेवाग्राहीमैत्री प्रशासन हुने ।
- नेपाल कृषि प्रधान देश भएकोले नागरिकले वार्षिक रुपमा आर्जन गरेको कुल रकमको निश्चीत प्रतिशत  कर तिरेमा त्यस आम्दानीलाई बैध मानिने व्यवस्था गरिने छ ।

**१४. कार्यान्वयनको योजना**

(क) तत्काल कार्यक्रम (पहिलो दुइ वर्षमा)

१) संविधान संशोधन प्रस्ताव (संविधान २०७२ को पुनर्लेखन): बहुल राष्ट्रिय संघीय लोकतान्त्रिक गणतन्त्रको घोषणा, पहिचानमा आधारित संघीयताको कार्यान्वयन गर्ने प्रादेशिक संरचनाको सिमांकन र नामांकनमा पुनरावलोकन गर्दै पुनरसंरचना गर्ने र प्रत्येक राष्ट्रियताको आत्मनिर्णयको अधिकारको ग्यारेन्टी गर्न पहल गरिने।

२) मधेश-थरुहट आन्दोलनको न्याय: जाँचबुझ लाल आयोग प्रतिवेदन सार्वजनिक गर्ने, शहिदहरूको परिवारलाई उचित क्षतिपूर्ति सहित शहिद परिवारका निकटतम सदस्यलाई रोजगारको व्यवस्था गर्ने, मधेश/ थरुहट/ जनजाति/ पिछडा वर्ग आन्दोलन लगायत तराईका सशस्त्र आन्दोलनमा सहभागी आन्दोलनकारी माथीको राजनीतिक तवरले लगाइएका झुटा मुद्दा फिर्ता लिने तथा आन्दोलनकारीहरूलाई अपराधीकरण गर्ने प्रयासको अन्त्य गरिने र घाइतेहरुलाई स्वास्थ्य अवस्थाको आधारमा वर्गीकरण गरि भरणपोषण भत्ताको लागि पहलकदमी लिइनेछ।

३) आर्थिक राहत: कृषि ऋण ब्याजदर घटाउने, युवा उद्यमशीलता कोष स्थापना तथा न्यूनतम पारिश्रमिक वृद्धि गरिने।

४) सामाजिक न्याय: जातीय भेदभाव अन्त्य विशेष अभियान चलाउने, भूमिहीन दलितलाई जग्गा वितरण गरिने, महिला हिंसाविरुद्ध तत्काल कार्ययोजना बनाइने ।

५) शिक्षा र स्वास्थ्य: सामुदायिक विद्यालयमा निःशुल्क गुणस्तरीय शिक्षा तथा प्रत्येक स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा लागु गरिने ।

६) भ्रष्टाचार नियन्त्रण: ठूला भ्रष्टाचारीविरुद्ध विशेष अभियान चलाइने, सम्पत्ति विवरण सार्वजनिकीकरण नीति लागु गरिने ।

(ख) मध्यकालीन लक्ष्य (तीन-पांच वर्षमा)

१) सांस्कृतिक/जातीय पहिचानमा आधारित स्वशासित राष्ट्रिय परिषद्हरूको गठन र सक्रियता बढाइने ।

२) सहकारी मोडलमा आधारित १००० उद्योग स्थापना गरिने ।

३) प्रत्येक प्रदेशमा स्वदेशी ज्ञान केन्द्रको स्थापना गरिने ।

४) विदेश पलायन ५० प्रतिशतले घटाउने ।

(ग) दीर्घकालीन दृष्टिकोण

१) AI, ब्लकचेन र वितिय क्षेत्रको प्रमुख शक्ति, डिजिटल नव प्रवर्तन केन्द्रको रुपमा विकास गर्ने।

२) जलविद्युत् क्षमता दोब्बर गरिने तथा आर्थिक रूपमा आत्मनिर्भर नेपाल ।

३) बहुल राष्ट्रिय लोकतन्त्रको पूर्ण स्थापना तथा सामुदायिक समाजको सफल मोडेल ।

४) स्वदेशी ज्ञान र संस्कृतिको विश्वव्यापी मान्यता तथा दक्षिण एशियामा समृद्धिको केन्द्र ।

**१५. हाम्रो प्रतिबद्धता**

राष्ट्रिय मुक्ति पार्टी नेपाल यी सबै प्रतिश्रुतिहरू पूरा गर्न प्रतिबद्ध छ। हामी विश्वास गर्छौं कि:

- ✓ कुनै पनि व्यक्ति, समुदाय वा राष्ट्रियता पछाडि पर्नु हुँदैन
- ✓ प्रत्येक नेपालीको सम्मानित जीवन पाउने अधिकार छ
- ✓ विविधता नेपालको शक्ति हो, कमजोरी होइन
- ✓ स्वदेशी ज्ञान र आधुनिक विज्ञानको समन्वयबाट मात्र वास्तविक विकास सम्भव छ
- ✓ जनताको शक्ति सर्वोच्च हो

**आह्वान,**

प्रिय नेपाली दिदीबहिनी तथा दाजुभाइहरू,

यो चुनाव केवल पार्टी छान्ने होइन - यो नेपालको भविष्य निर्धारण गर्ने निर्णायक अवसर हो । परम्परागत दलहरूले दशकौंदेखि दिएका झूटा वाचाहरूबाट मुक्त भएर अब वास्तविक परिवर्तनको पक्षमा उभिने समय आएको छ।

राष्ट्रिय मुक्ति पार्टी नेपाललाई मत दिनु भनेको:

- ✓ बहुल सांस्कृतिक नेपालको पक्षमा उभिनु हो
- ✓ ग्राम स्वराज सहितको सामुदायिक समाज निर्माणमा सहभागी हुनु हो
- ✓ स्वदेशवादी दर्शनलाई समर्थन गर्नु हो
- ✓ आफ्नो र आफ्ना सन्तानको उज्वल भविष्यको लागि लगानी गर्नु हो

तपाईंको एक मत-नेपालको नयाँ इतिहास लेखिन मदत गर्ने छ ।

**हाम्रो संकल्प:** "हामी सबै नेपाली, सबै राष्ट्रियता, सबै समुदायको समान अधिकार, स्वतन्त्रता र सम्मानका लागि संघर्ष जारी राख्नेछौं। औपनिवेशिकता, भेदभाव र शोषणको अन्त्य गरी एक समृद्ध, न्यायपूर्ण र समतामूलक नेपाल निर्माण गर्नेछौं।"

**आदरणीय मतदाताहरू**,

यो चुनाव सामान्य चुनाव होइन - संविधान संसोधन गर्न तथा व्यवस्था बदल्न यसको उपयोग गरौं । मत परिवर्तन गर्ने वेला भएको छ, तर आफ्नो अस्तित्व, स्वशासन र भविष्य सुरक्षित हुने दिशामा । अर्थात राष्ट्रिय मुक्तिको दिशामा । त्यसको निम्ति समान विचारधारा रहेको हामि तिन पार्टी राष्ट्रिय मुक्ति पार्टी नेपाल, नागरिक उन्मुक्ति पार्टी नेपाल र जनता समाजवादी पार्टी एक भएर एकल चुनाव चिन्ह "जाँतो" लिएर यस निर्वाचनमा सहभागी भएका छौं ।नेपाली समाजको बहुलतालाई यी तिन पार्टीका अनुहारले समावेशी प्रतिनिधित्व गरेको छ ।

समापन:

हाम्रो लक्ष्य नयाँ नेपाल – साझा नेपाल को निर्माण हो, जहाँ सबै नेपालीको पहिचान, अधिकार र समृद्धि सुनिश्चित हुन्छ। राष्ट्रिय मुक्ति पार्टी नेपाल सबै उत्पीडित र सीमान्तीकृत समुदायहरूको आवाज हो र हामी संकल्पित छौं कि यो देश सबैको हो।

स्वदेशवाद-जिन्दाबाद! जय मातृभूमि!

हाम्रा नाराहरु:


- ❖ स्वदेशवादीको आह्वान, जाँतोमा मतदान ।
- ❖ उत्पीडित राष्ट्रियताहरु एक हौं - एक हौं।
- ❖ स्वदेशवाद, बहुलराष्ट्रवाद र सामुदायिक समाजवाद जिन्दावाद ।
- ❖ राष्ट्रिय मुक्ति क्रान्ति सफल पारौं- सफल पारौं।
- ❖ गाउँ शहरमा हल्ला छ जाँतोलाई जिताउने सल्लाह छ।
- ❖ राष्ट्रिय मुक्ति पार्टी नेपाल जिन्दावाद- जिन्दावाद ।

राजेन्द्र महतो
अध्यक्ष

केन्द्रीय प्रचारप्रसार समिति

# राष्ट्रिय मुक्ति क्रान्ति सफल पारौं ।





## चुनाव चिन्ह
## जाँतो (चकिया)

केन्द्रीय प्रचारप्रसार समिति